# सान्नी त्रिवेणी गाउँपालिका

# पूर्णसरसफाई उन्मुख वातावरणमैत्री पालिका कार्यान्वयन निर्देशिका २०८२

सान्नी त्रिवेणी गाउँपालिका

मेहलमुडी, कालिकोट

कर्णाली प्रदेश, नेपाल

# पूर्णसरसफाई उन्मुख वातावरणमैत्री पालिका कार्यान्वयन निर्देशिका २०८२

## प्रस्तावना

घरपरिवार देखि, समूदाय/टोल, गाउँ तथा जिल्ला सम्म वातावरणीय स्वच्छता, सरसफाई तथा स्वच्छता व्यवस्थापनका मान्यताहरुलाई स्थापित गरी सफा, सुन्दर र सरसफाई उन्मुख वातावरणमैत्री समाज सृजना गर्नुपर्ने आवश्यकता रहेको छ । सरसफाई तथा स्वच्छता मैत्री क्रियाकलापहरुको अवलम्बन गरी पूर्ण सरसफाई उन्मुख हुदै वातावरण मैत्री पालिका घोषणा गर्न वाञ्छनीय भएकाले,

## परिच्छेद-१

**प्रारम्भिक :**

**१) संक्षिप्त नाम र प्रारम्भ :-**

क) यो निर्देशिकाको नाम "**पूर्णसरसफाई उन्मुख वातावरणमैत्री पालिका कार्यान्वयन निर्देशिका २०८२**" रहेको छ ।

ख) यो निर्देशिका गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

ग) यो निर्देशिका गाउँकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हूनेछ ।

**२) परिभाषा :-**

विषय वा प्रसङ्गले गलत अर्थ नलागेमा यस निर्देशिकामा :

क) **ऐन** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्नेछ ।

ख) **कार्यपालिका** भन्नाले सान्नीत्रिवेणी गाउँकार्यपालिका सम्झनु पर्नेछ ।

ग) **कार्यालय** भन्नाले सान्नीत्रिवेणी गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

घ) **गाउँपालिका** भन्नाले सान्नीत्रिवेणी गाउँकार्यपालिका सम्झनु पर्नेछ ।

ङ) **पूर्ण सरसफाई उन्मूख वातावरण मैत्री टोल/वडा/पालिका** भन्नाले निर्देशिकामा संलग्न अनुसूची (१) वमोजिम वा निर्देशिकामा तोकिए वमोजिम सूचकहरु पुरा गरेको टोल, वडा वा पालिकाको अवस्था भन्ने सम्झनु पर्नेछ ।

च) **प्रतिवेदन** भन्नाले सहजकर्ता वन निर्दिष्ट संस्था,समिति वा पदाधिकारी बाट पूर्ण सरसफाई उन्मुख वातावरण मैत्री सूचकका आधार तथा क्रियाकलापहरुलाई व्याख्या/ वर्गिकरण गरी तयार पारिएको सबैखाले प्राथमिक तथा द्वितिय सूचकहरुको अवस्था झल्काउने संग्रह समेतलाई सम्झनु पर्नेछ ।

छ) **समन्वय समिति** भन्नाले यस निर्देशिकाले निर्दिष्ट गरे बमोजिमको समन्वय समिति सम्झनु पर्नेछ ।

ज) **अनुगमन समिति** भन्नाले यस निर्देशिकाले निर्दिष्ट गरे बमोजिमको अनुगमन समिति सम्झनु पर्नेछ ।

झ) **शाखा** भन्नाले उक्त कार्य गर्नका लागि स्थापित तथा परिचालित सम्बन्धित विषयगत शाखा सम्झनु पर्नेछ ।

ञ) **सरोकारवाला** भन्नाले स्वच्छता, सरसफाई तथा वातावरण सँग काम गर्ने सरकारी/ गैरसरकारी निकाय/ निजी क्षेत्र/ व्यक्ति/ संस्था/ निकाय समेतलाई सम्झनु पर्दछ ।

ट) **कार्यदल** भन्नाले गाउँकार्यपालिका बाट गठित कार्यदल सम्झनु पर्दछ ।

ठ) **परामर्शदाता** भन्नाले यस निर्देशिका कार्यान्वयनका लागि आवश्यक सल्लाह, सुझाव, सहयोग र सहकार्य गर्न गराउन गाउँपालिका बाट व्यवस्थापन गरिने व्यक्ति संस्था वा निकाय सझनु पर्दछ ।

ड) **सरसफाइ** भन्नाले मानव मलमुत्रको विसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाइ सम्झनु पर्दछ ।सरसफाइले फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्नुलाई बुझाउँछ । जनस्वास्थ्य प्रवर्द्धनका लागि विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य सफाइ हो ।

ढ) **स्वच्छता** भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहार सम्झनु पर्दछ । स्वच्छताले व्यक्ति र समुदायको आनीबानीलाई जनाउँछ ।

ण) **सफा र स्वच्छ अवस्था** भन्नाले सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणिकरण भएको अवस्था सम्झनु पर्दछ ।

त) **पूर्ण सरसफाइ उन्मुख अवस्था** भन्नाले यस मार्गदर्शनमा उल्लिखित सफा र स्वच्छ , पूर्ण सरसफाई उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणिकरण भएको अवस्था सम्झनु पर्दछ ।

थ) **सार्वजनिक शौचालय** भन्नाले सार्वजनिक स्थानमा हिडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोगकर्ता मैत्री शौचालय सम्झनु पर्दछ ।

द) **संस्थागत शौचालय** भन्नाले विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता निकायहरुमा निर्माण गरिएका प्रयोगकर्ता मैत्री शौचालय सम्झनु पर्दछ ।

ध) **सामाजिक समावेशीकरण** भन्नाले समुदायका सबै लिगं, जात, वर्ग, धर्म, व्यवसाय र विभिन्न क्षेत्रका व्यक्तिको योजना तर्जुमा, निर्णय पक्रिया र सेवा सुविधामा पहुँच रहेको अवस्था सम्झनु पर्दछ ।

न) **विपद् व्यवस्थापन** भन्नाले बाढी- पहिरो, आगलागी, भुकम्प, भूक्षय र रोगव्याधिजन्य माहामारी जस्ता प्राकृतिक तथा मानव सृजित विपद् सम्बन्धी पूर्व तयारी, उद्धार, पुनर्लाभ, पुनस्थापना र पुन: निर्माण व्यवस्थापनको समष्टिगत व्यवस्था भन्ने सम्झनु पर्दछ ।

प) **प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ र स्वच्छताका सूविधाहरु** भन्नाले शारीरिक रुपले असक्षम र अपङ्गता भएका तथा बालबालिका, वातावरण, लैङ्गिक जेष्ठ नागरिक आदि सबैलाई प्रयोग गर्न मिल्ने सूविधा भएको भन्ने सम्झनु पर्दछ ।

फ) **बानी व्यबहार विकास** भन्नाले शौचालयको प्रयोग, साबुन पानीले हात धुने, महिलाको महिनावारी व्यवस्थापन लगायत र अन्य सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको निरन्तर प्रक्रिया भन्ने सम्झनु पर्दछ ।

ब) **दिगो सरसफाइ** भन्नाले स्वचालित र नियमित रुपमा संचालित सरसफाइ भन्ने सम्झनु पर्दछ ।

भ) **सुरक्षित पानी** भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक जैविक र रसायनिक पदार्थहरु नरहेको पानी भन्ने सम्झनु पर्दछ ।

म) **वातावरणमैत्री सार्वजनिक कार्यालय** भन्नाले अनुचूची १ को खण्ड ख बमोजिमको सूचकहरु पुरा भएको अवस्था भन्ने सम्झनु पर्दछ ।

य) **वातावरणमैत्री वडा** भन्नाले अनुचूची १ को खण्ड ग बमोजिमको सूचकहरु पुरा भएको अवस्था भन्ने सम्झनु पर्दछ ।

र) **वातावरणमैत्री गाउँपालिका** भन्नाले अनुचूची १ को खण्ड घ बमोजिमको सूचकहरु पुरा भएको अवस्था भन्ने सम्झनु पर्दछ ।

ल) **पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री घर परिवार** भन्नाले अनुचूची १ को खण्ड क बमोजिमको सूचकहरु पुरा भएको अवस्था भन्ने सम्झनु पर्दछ ।

व) **घोषणा** भन्नाले अनुसूची १ बमोजिमका कुनै एक वा सबै खण्डका सूचकहरु तोकिए बमोजिम पूरा गरी पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री बनाउन गरिने कार्य वा क्रियाकलापहरु भन्ने सम्झनु पर्दछ ।

श) **अवलम्बन वा प्रतिबद्धता** भन्नाले अनुसूची २बमोजिमका कार्यहरु भन्ने सम्झनु पर्दछ ।

ह) **अनुसूची ४** भन्नाले नतिजामा आधारित कार्ययोजना भन्ने सम्झनु पर्दछ ।

**३. लक्ष्य**

सबैको लागि र सधैको लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्ने तर्फ उन्मुख हुँदै वातावरण मैत्री समाजको सिर्जनाद्वारा नागरिकलाई स्वच्छ वातावरणमा बाँच्ने अवस्था सिर्जना गर्दै सन् २०३० सम्म वातावरण मैत्री गाउँपालिका घोषणा गर्ने ।

## ४. उद्देश्य

**उपदफा ३ बमोजिमको लक्ष्य हासिल गर्न तपसिलको उद्देश्यहरु राखिएको छ ।**

- खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने ।
- सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार बिकास गर्ने ।
- घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समूचित प्रयोग, मर्मत सम्भार तथा स्तरोन्नती गर्ने ।
- सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा संस्थागत तहमा पानी शुद्धीकरणको प्रवर्द्धन समेत गर्ने ।
- फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरुको सम्भव भएसम्म पुन : प्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने ।
- पानीका स्रोतहरु जस्तै पोखरी साना जलाशय स्थानीय मुहानहरु र खोलाखोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने ।
- वातावरण संरक्षण, व्यवस्थापन, जैविक विविधताको संरक्षण, जलवायू परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन सम्बन्धी विषयहरुलाई मुलप्रवाहीकरण गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनका सन्दर्भमा घरपरिवार तहसम्मको काम, कर्तव्य र जिम्मेवारी तथा हासिल गर्नुपर्ने नतिजाको सम्बन्धमा स्पष्ट पार्नु ।
- घरपरिवार, टोल विकास संस्था र वडाहरुलाई सकारात्मक प्रतिष्पर्धाको माध्यमद्वारा वातावरणमैत्री दिगो विकासका लागि जिम्मेवार बनाउन प्रोत्साहित गर्नु ।

- वातावरण संरक्षण तथा दिगो विकासका लागि सरोकारवालाहरुबीच आर्थिक एवम् प्राविधिक सहयोग तथा सहकार्यको वातावरण सिर्जना गर्नु ।

## परिच्छेद – ५

## अवस्थाको विश्लेषण :

### ५. तथ्यांक संकलन र प्रशोधन

गाउँपालिका क्षेत्र भित्रका घरधुरी, संघसंस्था र सार्वजनिक स्थलहरुमा खानेपानी, सरसफाइ, स्वच्छता र वातावरणीय अवस्थाका लागि अनुसूची १ बमोजिमको फारम प्रयोग गरी तथ्यांक संकलन गरिने छ ।

५.१ अवस्था विश्लेषणका लागि कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविका, टोल विकास संस्थाका पदाधिकारीहरु समेतको परिचालन गरि टोल स्तर बाट तथ्यांक संकलन गर्न गरिनेछ ।

५.२ तथ्यांक संकलन सम्बन्धी कार्यमा वडा समन्वय समिति र टोल विकास संस्थाहरुले आवश्यक प्रचारप्रसार र समन्वय गर्नुपर्नेछ ।

५.३ टोल स्तरबाट संकलित तथ्यांकहरुलाई वडा कार्यालयले एकीकृत गरी शाखामा पठाउनु पर्नेछ ।

५.४ शाखाले सबै वडाबाट तथ्यांक प्राप्त गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

## परिच्छेद-६

## पूर्ण सरसफाई उन्मुख वा वातावरणमैत्री पालिका घोषणा प्रक्रिया

६. पूर्ण सरसफाई उन्मुख वा वातावरणमैत्री पालिका उन्मुख पालिकाका लागि अनुसूची १ बमोजिमको सूचकका उपलब्धीहरु हासील गर्नका लागि देहाय बमोजिमका क्रियाकलापहरु अवलम्बन गरिने छ ।

६.१ पालिका तथा वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको गठन, पुनर्गठन र गठित समितिहरुलाई पूर्ण सरसफाइ सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।

६.२ वडाहरुमा टोल स्तरीय उपसमिति गठन तथा पूर्ण सरसफाइ उन्मुख प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन तथा परिचालन गर्ने ।

६.३ अवस्था विश्लेषण प्रतिवेदन समेतको आधारमा कार्ययोजना बनाई समन्वय समितिबाट स्वीकृत गर्ने ।

६.४ शाखा वा कार्यक्रमसँग सम्बन्धित जनशक्तिलाई अभिमुखीकरण कार्यक्रम संचालन गरी परिचालन गर्ने ।

६.५ वडाका सबै घरधुरीलाई लक्षित गरी स्वस्थ घरधुरी अनुगमन फ्लेक्स वा फारम छपाउने र प्रत्येक घरधुरीलाई वितरण गर्ने ।

६.६ प्रत्येक स्वास्थ्य संस्था, विद्यालय तथा समुदायमा आधारित संघसंस्थाहरुमा पूर्ण सरसफाइ र वातावरणमैत्री सम्बन्धि व्यवहार परिवर्तनका सूचकहरु प्राप्त गर्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

६.७ टोल स्तरीय अनुगमन समिति गठन गर्ने र स्वस्थ्य घरधुरीर वातावरण मैत्री सम्बन्धि अनुगमन प्रक्रियाको बारेमा तालिम संचालन गर्ने ।

६.८ प्रत्येक महिना अनुगमन समिति मार्फत स्वस्थ्य घरधुरी र वातावरण मैत्री सूचकहरुको अनुगमन गर्ने ।

६.९ पूर्ण सरसफाइ र वातावरण मैत्री सूचक प्राप्तिको लागि गरिब तथा विपन्न घरपरिवारलाई सहयोग तथा प्रोत्साहनको कार्यक्रमहरु संचालन गर्ने ।

६.१० फोहोर वर्गीकरण र व्यवस्थापनको लागि ठोस फोहोरमैला व्यवस्थापन कार्यविधि २०८१ अनुसारका क्रियाकलापहरु संचालन गर्ने ।

६.११ सार्वजनिक तथा संस्थागत स्थलमा खानेपानी तथा शौचालय लगागतका घरायसी र वातावरणीय सरसफाइ सम्बन्धी आवश्यक प्रयोगकर्तामैत्री पुर्वाधारहरु निर्माण तथा मर्मत सम्भार र व्यवस्थापन गर्ने ।

६.१२ गाउँपालिका, वडा, र टोलस्तरमा निजि क्षेत्र, नागरिक समाज, विकास साझेदार लगायतका सरोकारवालाहरु संग समन्वय र सहकार्य गर्ने ।

६.१३ टोलका सबै घरधुरीहरुमा स्वस्थ्य घरधुरी र वातावरणमैत्री सुचकहरुको अवस्था हासिल गरे पश्चात वडा स्तरीय संरचना मार्फत अनुगमन गरी पूर्ण सरसफाइ उन्मुख/ वातावरण मैत्री टोल घोषणा गर्ने ।

६.१४ वडाका सबै टोलहरु पूर्ण सरसफाइ उन्मुख/ वातावरण मैत्री टोल घोषणा गरे पश्चात वडा स्तरीय बैठक मार्फत गाउँपालिकास्तरीय समन्वय समितिमा अनुगमनका लागि अनुरोध गर्ने ।

६.१५ पालिका स्तरीय समिति बाट अनुगमनले पूर्ण सरसफाइ उन्मुख/ वातावरण मैत्री सुचकहरुको अवस्था हासिल गरेको अवस्थाको आधारमा पूर्ण सरफाइ उन्मुख वा वातावरण मैत्री वडा घोषणाका लागि अनुमति दिने ।

६.१६ पूर्ण सरसफाइ उन्मुख/ वातावरण मैत्री वडा प्रमाणिकरण तथा घोषणा कार्यक्रम सोही वडाले गर्ने ।

६.१७ गाउँपालिकाका सबै वडाहरु पूर्ण सरसफाइ उन्मुख/ वातावरण मैत्री वडा घोषणा गरे पश्चात गाउँपालिकास्तरीय समितिको बैठक मार्फत तोकिएका सरोकारवाला निकायलाई अनुगमनका लागि अनुरोध गर्ने ।

६.१८ तोकिए बमोजिमका सरोकारवाला निकायको अनुगमनले पूर्ण सरसफाइ उन्मुख/ वातावरण मैत्री सुचकहरुको अवस्था हासिल तथा प्रासि गरेको अवस्थाको आधारमा पूर्ण सरसफाइ उन्मुख/ वातावरण मैत्री पालिका घोषणाका लागि अनुमति पश्चात पूर्ण सरसफाइ उन्मुख/ वातावरण मैत्री पालिका घोषणा गर्ने ।

६.१९ संलग्न अनुसूची १ को फर्मेटमा उल्लेखित सुचकहरुको प्रत्येक खण्डलाई १०० पूर्णाङ्क कायम गर्ने र ८० भन्दा माथी अंक हासील गर्ने घरधुरीलाई हरीयो स्टिकरमा ३ वटा तारा, ६० देखि ७९ अंक हासील गर्ने घरधुरीलाई पहेंलो स्टिकरमा २ वटा तारा, ४० देखि ५९ अंक हासील गर्ने घरधुरीलाई निलो स्टिकरमा २ वटा तारा र सो भन्दा कम अंक हासील गर्ने घरधुरीलाई तारा सहित रातो स्टिकरद्वारा संकेत प्रदान गरिने छ । हरियो स्टिकर प्रास घरधुरी वा निकायलाई पूर्ण सरसफाइ घोषणाका लागि योग्य मानिने छ । साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा जारी वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७८ द्वारा निर्दिष्ट परिस्कृत सूचकहरु पुरा गरेका घर तथा निकायहरुलाई विशेष पुरस्कार तथा प्रोत्साहनको व्यवस्था मिलाइने नीति लिइने छ ।

६.२० अनुसूची १ को खण्ड (क) मात्र पुरा भएको अवस्थामा घर परिवार वा निकाय र (ख) (ग) र (घ) का सूचकहरु पुरा गरेको अवस्थामा क्रमश: पूर्ण सरसफाइ उन्मुख/ वतावरणमैत्री कार्यालय, वडा, गाउँपालिका घोषणा गर्दै लिइने छ ।

**परिच्छेद – ७**

**७. कार्यक्रम कार्यन्वयन प्रक्रिया :**

**७.१ गाउँपालिका बाट पूर्ण सरसफाइ उन्मुख/ वातावरणमैत्री वडा/ पालिका घोषणा गर्ने कार्यका लागि नगर र वडा स्तरमा देहाय वमोजिमको समिति गठन तथा परिचालन गरिनेछ ।**

**७.१.१ गाउँपालिका स्तरीय पूर्ण उन्मुख/ वातावरणमैत्री समन्वय समितिको संरचना तथा संरचना :-**

(१) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(२) गाउँपालिका उपाध्यक्ष – सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(४) सबै वडाका वडाध्यक्ष – सदस्य

(५) जिल्ला स्वास्थ्य कार्यालय कालिकोट – सदस्य

(६) गै.स.स.महासंघ प्रमुख तथा प्रतिनिधि – सदस्य

(७) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ गाउँपालिका स्तरीय प्रतिनिधि –सदस्य

(८) गाउँपालिका बाल संजालका अध्यक्ष वा प्रतिनिधि –सदस्य

(९) महिला स्वास्थ्य स्वयंसेविका मध्ये बाट अध्यक्षले तोकेको सदस्य- सदस्य

(१०) प्रधानाध्यापक/ प्राचार्य मध्ये बाट अध्यक्षले तोकेको सदस्य- सदस्य

(११) विद्यालय व्यवस्थापन समिति मध्ये बाट अध्यक्षले तोकेको सदस्य- सदस्य

(१२) शिक्षक अभिभावक संघ मध्ये बाट अध्यक्षले तोकेको सदस्य- सदस्य

(१३) गाउँपालिका स्तरीय महिला संजालका प्रतिनिधि सदस्य – सदस्य

(१३) शिक्षक अभिभावक संघ मध्ये बाट अध्यक्षले तोकेको सदस्य- सदस्य

(१५) लघुवित्तीय संस्थाका प्रतिनिधी सदस्य- सदस्य

(१६) सान्नी त्रिवेणी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख- सदस्य

(१७) सान्नी त्रिवेणी गाउँपालिका योजना शाखा प्रमुख- सदस्य

(१८) सान्नी त्रिवेणी गाउँपालिका पूर्वाधार विकास शाखा प्रमुख- सदस्य

(१९) सान्नी त्रिवेणी गाउँपालिका आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

(२०) सान्नी त्रिवेणी गाउँपालिका खानेपानी तथा सरसफाइ शाखा प्रमुख- सदस्य

(२१) डिभिजन बन कार्यालय प्रमुख तथा प्रतिनिधि सदस्य - सदस्य

(२२) खानेपानी,सिंचाई तथा उर्जा विकास कार्यालयका प्रमुख तथा प्रतिनिधि - सदस्य

(२३) जिल्ला प्रशासन कार्यालयका प्रमुख तथा प्रतिनिधि - सदस्य

(२४) जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधि - सदस्य

(२५) जिल्ला उद्योग वाणिज्य संघका प्रतिनिधि - सदस्य

(२६) गाउँ कार्यसमितिका सदस्यहरु मध्ये बाट अध्यक्षले तोकेको एक महिला सदस्य सहितको २ जना सदस्य- सदस्य

(२७) टोल विकास संस्था मध्ये बाट अध्यक्षले तोकेको सदस्य- सदस्य

(२८) तोकिए बमोजिम अन्य सदस्य - सदस्य

**७.१.२ गाउँपालिका स्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार**

- सूचकहरुको पूर्णताका लागि आवश्यक वजेट तथा कार्ययोजना तयारी एवं कार्यान्वयन गर्ने ।
- प्राविधिक सल्लाह र सहयोग गर्ने ।
- कार्यक्रमहरुको कार्यान्वयनका लागि समिक्षा बैठक तथा निरन्तरता दिने क्रियाकलापहरु संचालन गर्ने ।
- पूर्ण सरसफाइ उन्मुख/ वातावरण मैत्री सूचकहरुको कार्यपालिका बाट स्वीकृत गराउने ।
- जिल्ला, प्रदेश र संघका एवं अन्य सरोकारवाला निकायमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- नतिजामा आधारित कार्ययोजनाको स्विकृति गर्ने गराउने ।
- लगानी योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।
- नीतिगत बजेट तथा कार्यक्रमको निरन्तरतामा पहल गर्ने ।
- घोषणाको अबलम्वन तथा प्रतिबद्धताको कार्यान्वयन गर्ने गराउने ।
- घोषणा इकाई स्थापना, जनशक्ति व्यवस्थापन तथा परिचालन गर्ने ।

## ७.२ गाउँपालिका स्तरीय अनुगमन समितिको संरचना तथा गठन

गाउँपालिका अध्यक्ष– संयोजक

बन तथा वातावरण विषयगत समिति संयोजक - सदस्य

प्रमुख प्रशासकीय अधिकृत – सदस्य

योजना शाखा प्रमुख - सदस्य

खानेपानी,सरसफाइ तथा स्वच्छता शाखा प्रमुख– सदस्य सचिव

### ७.२.१ अनुगमन समितिको काम, कर्तव्य र अधिकार

- सूचकहरुको प्रतिवेदन अध्ययन गर्ने ।
- प्रतिवेदनको शुद्धता परीक्षण तथा पुन : परीक्षण गर्ने ।
- अन्तिम प्रतिवेदन तैयारी तथा नतिजा प्रकाशन गर्ने ।
- वडा/टोल/समूदायलाई घोषणाको सुनसश्चितामा सहजीकरण गर्ने ।
- नमुना छनौट र त्यसको परीक्षण तथा पुन : परीक्षण गर्ने ।
- सूचकहरुको प्रतिवेदन तथा अवस्था, कार्ययोजनाको अवस्था अध्ययन गर्ने ।

## ७.३ वडास्तरीय वातावरणमैत्री तथा सरसफाइ उवं स्वच्छता समन्वय समितिको संरचना तथा गठन :-

वडाध्यक्ष – अध्यक्ष

वडा समितिका सबै सदस्यहरु – सदस्य

वडा सचिव – सदस्य सचिव र अन्य देहाय बमिजिमको क्षेत्रगत प्रतिनिधित्व हुने गरी वडा समन्वय समिति गठन वडा समितिले निर्माण गर्नु पर्नेछ ।

वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्यहरु :-

स्वास्थ्य सेवा तथा सुविधा प्रदायकहरु, गैर सरकारी संस्था, समुदायमा आधारित संस्था, बन उपभोक्ता समुहहरु, विकास साझेदारहरु, खानेपानी उपभोक्ता समितिहरु, टोल विकास संस्थाहरु, बाल क्लब, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु, प्रधानाध्यापक तथा प्राचार्यहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, महिला समूहहरु, लघु कर्जा संस्थाहरु र अन्य आवश्यक स्थानीय संजालहरु ।

### ७.३.१ वडास्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार :

- वडास्तरीय समन्वय समिति, अनुगमन समिति आदि गठन गर्ने ।
- सूचकको अवलम्वन तथा घोषणा कार्य अगाडि बढाउन निर्णय एवं प्रतिवद्धता जाहेर गर्ने ।
- अभिमुखिकरण संचालन गर्ने तथा क्षमता विकास गर्ने गराउने ।
- घरधुरी सर्वेक्षण फाराम भर्ने तथा भराउने ।
- भरीएका फारामहरु संग्रह गरी एकीकृत प्रतिवेदन र लगानी योना तयार पार्ने ।
- बैठक, समिक्षा र अनुगमन गर्ने, सूचकहरु मापन गर्ने, नतिजा निकाल्ने, अधुरा सूचकहरुलमई पुरा गर्न लगाउने तथा सहजीकरण गर्ने र पूर्णताका लागि स्रोतसाधन जुटाउन पहल गरी पूर्वाधारहरु तयार पार्ने ।
- सुचक प्रासिमा पूर्णता नहुन्जेल सामाजिक परिचालक, सहजकर्ता, टोल विकास वा अन्य सरोकारवाला पदाधिकारी कर्मचारीको माध्यमबाट सामाजिक परिचालन सहित चेतना विकास र पूर्वाधार विकासमा टेवा पुर्याउने ।

- सूचकहरु पुरा गरेपछि टोल/समुदाय/घरपरिवार लगायतको स्वघोषणा गर्न त्यसको जानकारी लिइ सिंगो टोल समुदायलाई घोषणा गर्न सहजीकरण गर्ने, अभिप्रेरित गर्ने, सबै टोल घोषणा भइ सकेपछि वडा स्तरीय घोषणा कार्यक्रम तर्जुमा गर्ने ।
- आवश्यकता अनुसार कार्यदल, अनुगमन समिति, विद्यालय अन्य सामाजिक संघसंस्था उपयोग तथा परिचालनमा ल्याउने ।
- वडाको घोषणा गर्न तथा कार्यक्रमलाई पूर्णता दिन गाउँपालिका घोषणाका लागि आवश्यक पहल, समन्वय र सहयोग गर्ने ।
- नीतिगत, कार्यक्रम गत लगानी योजनाको कार्यन्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गर्न, दिगोपन ल्याउन र संस्थागत निरन्तरमा पहल गर्ने ।
- गाउँपालिका स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री समन्वय समिति सँग समन्वय गर्ने ।
- गाउँपालिका स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री सूचकहरु पूर्णता प्रासीमा सहयोग गर्ने ।
- गाउँपालिका स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री सूचकहरु पूर्णता प्रासीका व्यवधानहरु सहजीकरण गर्दै जाने ।
- गाउँपालिका स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री सूचकहरु पूर्णता प्रासीका लागि आवश्यक कार्ययोजना तयार पारी कार्यान्वयन गर्दै जाने ।
- आवश्यकता अनुसार बैठक बसी समीक्षा गर्ने, सूचकहरुको विश्लेषण गरी प्रतिवेदन तैयार गर्ने र परीक्षण गर्ने, पुन : परीक्षणका लागि गाउँपालिका स्तरीय वातावरणमैत्री तथा सरसफाइ एवं स्वच्छता समन्वय समिति वा कार्यदलसँग समन्वय समिति वा कार्यदलसँग समन्वय गर्ने ।

- गाउँपालिका स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री सूचकरुको प्राप्ति सँग सम्बन्धित पुर्वाधार एवं खानेपानीको शुद्धता परिक्षणको आवश्यकता अनुसार व्यवस्था मिलाउने ।
- गाउँपालिका, गाउँपालिका स्तरीय वातावरण मैत्री तथा सरसफाइ एवं स्वच्छता समन्वय समिति र अन्य सरोकारवाला निकायबाट समय समयमा तोकीएका कार्यहरु गर्ने ।
- नतिजामा आधारित कार्ययोजनाको कार्यान्वयन गर्ने गराउने ।
- आवश्यकता अनुसार घोषणा इकाई, जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्ने ।

### ७.४ वडा स्तरीय अनुगमन समितिको संरचना तथा गठन

वडा अध्यक्ष – संयोजक

वडा समितिबाट तोकिए बमोजिमका महिला सदस्य – सदस्य

वडा टोल विकास संस्थाको संयोजक – सदस्य

अध्यक्षले तोकेको सामुदायिक संघसंस्थाको प्रतिनिधि – सदस्य

वडा सचिव – सदस्य सचिव

### ७.४.१ वडा स्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार

- सूचकहरुको प्रतिवेदन तथा अवस्था, कार्ययोजनाको अवस्था अध्ययन गर्ने ।
- प्रतिवेदनको शुद्धता परीक्षण तथा पुन: परीक्षण गर्न सहयोग गर्ने ।
- प्रारम्भिक तथा अन्तिम प्रतिवेदन तैयारी तथा नतिजा प्रकाशन गर्नमा सहयोग गर्ने ।

- वडा, टोल, समुदायलाई घोषणाको सुनिश्चितामा सहजिकरण गर्ने ।
- स्थलगत अध्ययन गरी पूर्ण सरसाइ युक्त/ वातावरणमैत्री क्रियाकलापको रुपरेखा उपर लेखाजोखा तथा प्रतिवेदन अद्यावधिक गर्ने ।
- नमुना छनौट र त्यसको परीक्षण तथा पुन: परीक्षण गर्ने ।

**७.५ गाउँपालिका स्तरीय वातावरण मैत्री तथा सरसफाइ एवं स्वच्छतायुक्त वडा/ पालिका घोषणा कार्यक्रमको सिफारिस तथा सहजीकरण कार्यदलको संरचना तथा गठन :-**

गाउँपालिका उपाध्यक्ष – संयोजक

वडा नं. १ देखि वडा नं. ९ सम्मका वडाध्यक्षहरु – सदस्य

खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा प्रमुख – सदस्य सचिव

**नोट :- उल्लेखित पदाधिकारी निर्वाचन वा अन्य कारणबाट फेरबदल भएमा सोही स्थानमा प्रतिस्थापित पदाधिकारीमा स्वत जिम्मेवारी हस्तान्तरण भएको मानिनेछ ।**

**७.५.१ गाउँपालिका स्तरीय वातावरण मैत्री तथा सरसफाइ एवं स्वच्छतायुक्त वडा/ पालिका घोषणा कार्यक्रमको सिफारिस तथा सहजीकरण कार्यदलको काम, कर्तव्य र अधिकार :-**

- तथ्यांकहरुको रुपरेखा तयार गरी लेखाजोखा तथा अध्यावधिक गर्ने ।

- सूचकहरुको प्रतिवेदन अध्ययन गर्ने ।
- प्रतिवेदनको शुद्धता परीक्षण तथा पुन : परीक्षण गर्न सहयोग गर्ने ।
- प्रारम्भिक र अन्तिम प्रतिवेदन तैयारी तथा नतिजा प्रकाशन गर्नमा सहयोग गर्ने ।
- वडा/ टोल/ समुदायलाई घोषणाको सुनिश्चितामा सहयोग गर्ने ।
- नतिजामा आधारित कार्ययोजनाको स्विकृति गर्ने गराउने ।
- लगानी योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।
- नीतिगत बजेट तथा कार्यक्रमको निरन्तरतामा पहल गर्ने ।
- घोषणाको अबलम्बन तथा प्रतिबद्धताको कार्यान्वयन गर्ने गराउने ।
- घोषणा इकाई स्थापना, जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्ने ।

**७.६ सहजीकरण :**

क्षमता विकास कार्यक्रम तथा अभिमुखीकरणको संचालन पूर्ण सरसफाइ वा वडा/ गाउँपालिका घोषणाका लागि गाउँपालिका स्तरमा कार्यदलका संयोजक तथा सदस्य सचिव बाट सहजीकरण गर्नुपर्ने छ । वडास्तरमा कार्यदलका संयोजक सदस्य र सदस्य सचिव लगायत विषय विज्ञ, सहजकर्ता वा निर्दिष्ट पक्षबाट तोकिए बमोजिमका विषयहरुमा अभिमुखीकरण प्रदान गर्नुपर्नेछ ।साथै टोल एवं समुदायस्तर/ विद्यालयस्तरमा सामाजिक परिचालक र सहजकर्ता तथा वडा समितिले अभिमुखिकरण प्रदान गर्नुपर्नेछ ।

**७.७ पूर्वाधार निर्माणमा सहयोग :**

वडा समितिले घरधुरी सर्वेक्षणको नतिजा तथा प्रतिवेदन बाट प्राप्त प्रतिवेदन अध्ययन गरी वडा समन्वय समितिले आवश्यक समन्वय गाउँपालिका समन्वय समितिमा पेश गर्नु पर्नेछ र सोको पूर्णतका लागि अति विपन्न घरधुरीका लागि मात्र सहायता सामग्री गाउँपालिकाबाट प्रदान गरी पूर्णता प्राप्त गर्न बाँकी सबै

घरधुरीलाई यथाशिघ्र कार्यसम्पादन हुने गरी निर्देशन र समन्वय एवं सहजीकरण कार्य गाउँपालिका समन्वय समितिबाट र कार्यदलबाट हुनुपर्नेछ ।

**७.८ सामुदायिक परिचालन, सूचक पूर्णताका लागि सहयोग र पूर्वाधार निर्माण :-**

टोल विकास समितिका अगुवाई गर्ने पदाधिकारी, सामाजिक परिचालक, सहजकर्ता र वडा समितिले आवश्यकता अनुसार सक्रिय भई परिचालन हुनु तथा गर्नुपर्नेछ ।प्रत्येक आर्थिक वर्ष भित्र निर्माण हुन बाँकी संरचना उवं कार्यसम्पादन गरिसक्नु पर्ने गरी सामुदायीक परिचालन गरि सूचकको पूर्णतामा योगदान सबै सरोकारवालाहरुबाट गर्नुपर्नेछ ।

**७.९शुद्धता परीक्षण / प्रतिवेदन निर्माण एवं परीक्षण र नमुना सामाग्री व्यवस्थापन:-**

आवश्यकता अनुसार खाना, पानी, पूर्वाधारहरुको शुद्धता परीक्षण, सूचकहरुको परीक्षण र पुन परीक्षण गरी आवश्यक परेमा नमूना सामाग्री समेतको व्यवस्थापन गरी कार्य एवं सूचकको पूर्णता स्व :सक्रिय भई सरकारी तथा निजी पक्षबाट भूमिका निर्वाह गरिन्छ ।

**७.१० सचिवालय व्यवस्थापन :-**

गाउँपालिकामा स्थापित शाखाबाट आवश्यक सामाग्रीको छपाई तथा व्यवस्थापन, प्रचार प्रसार सामाग्री व्यवस्थापन र प्रतिवद्वता निर्माण सहित घोषणाको कार्य प्रक्रिया सहजीकरण गरी कार्य अगाडी बढाइने छ ।

**७.११ भूमिका तथा दायित्व :-**

विषयविज्ञ, विषयगत निकाय, शाखा तथा समन्वय समिति बाट समन्वय समितिबाट निरन्तर रुपमा कार्यदललाई सहायता क्षमता विकासमा सहयोग तथा सहजीकरण त्यसको पुनरावृत्ति र संस्थागत प्रबन्ध एवं दिगोपनमा आवश्यक सामाग्री र सहयोगको योगदान अनिवार्य गर्नुपर्ने छ । गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सरकारी, गैर सरकारी तथा निजी क्षेत्र सबैको स्व : सक्रियतामा

सूचकहरुको अवलम्वन तथा पूर्णताको अवस्थामा घोषणा गर्ने कार्य सभ्य र भव्य रुपमा गर्न भूमिका निर्वाह गर्नु सबैको कर्तव्य र दायित्व दुबै हुनेछ ।

**७.१२ बजेट, जनशक्तिको व्यवस्थापन एवं कार्यान्वयन :-**

गाउँपालिका द्धारा घोषणाको पूर्वाधार तयार गर्न आवश्यक पर्ने बजेट व्यवस्थापन गरिनेछ ।सोको लागि आवश्यक पर्ने सहजकर्ता, निरिक्षक लगायतका जनशक्तिको सेवा करार र सरोकारवालाबाट प्रस्तावित बजेटको कार्यान्वयन गर्दै लिइने छ । त्यसै गाउँपालिका, वडा र समुदायस्तर एवं घरधुरीस्तरमा आ-आफ्नो तर्फबाट सूचकहरुको पूर्णता दिई घर/ घर बाट स्व : घोषणा गरी समुदाय, टोल हुदै वडा र गाउँपालिका स्तरमा स्व: सक्रियता गाउँपालिकाबासी सबैको रहनु पर्नेछ ।उक्त कार्यमा विभिन्न समितिगत रुपबाट औचित्यपूर्ण तरीकाले माग भई आएको लगानी योजना तथा बजेटको व्यवस्था गाउँपालिका मार्फत गरिनेछ ।

**७.१३ बैठक संचालन सम्बन्धि विशेष व्यवस्था :-**

यस निर्देशिका बमोजिमका समितिहरुको निर्धारित मितिका बैठकहरुमा उपस्थित सदस्यहरुको बहुमतबाट पारित निर्णयमा गणपुरक संख्या पुगेको मानिनेछ । बैठकको निर्णय प्रमाणिकरण अध्यक्षले गर्नेछन् र यस्तो अधिकार सदस्य सचिवलाई दिन सकिनेछ । बैठक पुस्तिका सदस्य सचिवको जिम्मा हुनेछ ।

**७.१४ नमूना छनौट :-**

सूचकहरु प्रासीको परिक्षण सेन्सस विधीबाट गर्दा धेरै खर्चिलो र समय अभाव हुने हुदा स्याम्पलिङ विधिबाट वडाभित्रका समुदाय/टोलहरु मध्येबाट बढीमा ६ वटा नमुना छनौट गरि तिनिहरुको पूर्णता प्रासीको स्थलगत निरीक्षण एवं मुल्याङ्कन वडा समितिले गर्ने ति वा अन्य कुनै परिवार वा संस्थाको प्रति वडा

२/२ वटाका दरले गाउँपालिकाले स्याम्पलिङ गरी सूचकहरुको प्राप्ती तथा पूर्णतामा परीक्षण र प्रमाणीकरण गरी घोषणाको कार्य अगाडी बढाउनु पर्नेछ ।

**७.१५ खुड्किलाहरु :-**

कार्यविधि निर्माण, अभिमुखीकरण, समितिगत बैठक,अनुगमन, नतिजामा आधारित कार्ययोजना तर्जुमा, घरधुरी सर्वेक्षण तथ्यांक संकलन, प्रशोधन, विश्लेषण, प्रतिवेदन निर्माण , प्रमाणीकरण, वस्तुगत यथार्थताको समिक्षा, प्रकाशन, तालिम, क्षमता विकास, तहगत भेला तथा सम्मेलन र घोषणा कार्यहरु रहेका छन् ।

**७.१६ घोषणाको प्रतिफल :-**

स्थानीय लगानी योजना निर्माण, प्रतिवेदन निर्माण, सूचकहरुको पुर्णता तथा प्राप्ती , संरचनाहरुको निर्माण/ परिचालन र वडा तथा पालिकामा पूर्ण सरसफाई उन्मुख/ वातावरणमैत्री वातावरण तयार भई गाउँपालिकाबासीको समृद्धि हासिल तर्फ अग्रसर रहनेछन् ।

**७.१७ मानब मलमूत्र, ठोस तथा तरल फोहोर, सार्वजनिक शौचालय, सहरी सरसफाइका सुविधाहरु र वातावरणमैत्री क्रियाकलापहरुको रणनैतिक योजनागत कार्यहरु :-**

स्थानीय लगानी योजनाहरुको आधारमा तर्जुमा गरी बहस, पैरवी र ध्यानाकर्षण सहित क्षमता विकास र ल्याण्डफिल साईट, वाटर ट्रीटमेन्ट प्लान, निकास तथा नाला निर्माण, पार्क, उद्यान जस्ता वृहत्तर योजनाको योजनाको कार्यान्वयन गरिनेछ ।

## परिच्छेद – ८

**८.१ प्रविधिको प्रयोग :-**खानेपानी लगायत अन्य पूर्वाधार शुद्धता परीक्षणमा आधुनिक प्रविधिको प्रयोग गर्नुपर्नेछ ।

**८.२ विशेष अवस्था :-** वडा समिति वा समन्वय समिति वा कार्यदलले जोखिममा परेका र अशक्त तथा अपाङ्ग एवं अति विपन्न परिवारका लागि निजहरुको प्रतिनिधि तथा संरक्षकहरु मार्फत पनि आवश्यक सहयोग गर्न सकिनेछ ।

**८.३ सार्वजनिक पूर्वाधार विकासका लागि अनुदान :-** सार्वजनिक शौचालय लगायत बाटोघाटो सर सामग्री आदि खरिद तथा उपलब्ध गराउनु पर्ने भएमा वडा समिति वा कार्यदलले गराउन सक्नेछ ।

**८.४ समयमै कार्य सपन्न गर्नु पर्ने :-** नपुग सूचकहरुको पुर्णताका लागि उपलब्ध गराइ वा सामाग्रीद्धारा समयमै कार्य गर्नुपर्ने छ । नगरेमा प्रदान भएको चिजबस्तु बाँकी सरह फिर्ता तथा असुली गरिने छ ।

**८.५ दोहोरो सुविधा नपाउने :-** घरधुरीलाई सहायता सामाग्री वडा/गाउँपालिका/अन्य निकायबाट अन्य निकायबाट दोहोरो नपर्ने गरी दिनु पर्नेछ र लिनेले पनि सोही बमोजिम लिनु पर्नेछ ।

**८.६ आदेश वा निर्देशन दिन सक्ने :-** यो निर्देशिका बमोजिमको काम कारबाहीका सम्बन्धमा सरोकारवालालाई गाउँपालिका समन्वय समितिले आदेश वा निर्देशन दिन सक्नेछ, त्यस्तो निर्देशन पालना गर्नु सरोकारवालाको कर्तव्य हुनेछ ।

**८.७ कारबाही हुने :-** अनुदान लिन वा अन्य गलत मनसायले झुठा क्रियाकलाप गरेको पाइएमा त्यस्ता व्यक्ति/ संस्था/ निकायलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

**८.८ निर्देशिका तथा अनुसूचीमा एवं कुनै सूचकमा हेरफेर तथा संशोधन गर्न सक्ने :-** कार्यपालिकाले यो निर्देशिका तथा अनुसूची आवश्यकता अनुसार हेरफेर थपघट तथा संशोधन गर्न सक्नेछ ।सोको लागि गाउँपालिकास्तरीय समितिले अनुमोदन हुने गरी आवश्यक कार्य अघि बढाउन सक्नेछ ।

**८.९ बाधा अड्काउ फुकाउने** :- यस निर्देशिका कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**८.१० यसै कार्यविधी बमोजिम भएको मानिने :-** यो निर्देशिका पारित हुनुपूर्व सरसफाइ गुरुयोजना तथा पूर्णसरसफाइ  मैत्री र वातावरण मैत्री गुरूयोजना तथा रणनीति बमोजिम भए गरिएको कार्य यसै निर्देशिका बमोजिम भएको मानिने छ ।

अनुसूची–१

सान्नीत्रिवेणी गाउँपालिका

कालिकोट

वडा नं. :-

"पूर्ण सरसफाइ उन्मुख वातावरणमैत्री घर/परिवार टोल/वडा/पालिका घोषणाका लागि तथ्याङ्क संकलन तथा अनुगमन एवं मुल्यांकन फारम"

(घरपरिवार तह)

घरमुलीको नाम/ संस्थाको नाम :

टोल/समुदाय/बस्तीको नाम :

आ.व.:

संकलन कर्ताको नाम :

सम्पर्क नं.:

तथ्याङ्क संकलन/अनुगमन गरेको मिति :

फारम प्रमाणित गर्नेको सही:

मूल्याङ्कन कर्ता/स्वघोषणा कर्ताको सही:

नतिजा: निलो ☐ पहेंलो ☐ हरियो ☐

## खण्ड (क)

**पूर्ण सरसफाइउन्मुख/वातावरणमैत्री घर/परिवार तहका आधारभुत सूचकहरुको अवस्था:**

| क्षेत्र | सूचक | अवस्था | | पुष्टयाई |
|---|---|---|---|---|
| | | छ | छैन | |
| चर्पीको समुचित प्रयोग | साबुन पानी सहितको सुरक्षित, सफा (सुधारिएको) चर्पी भएको ? | | | |
| | सबै समयमा परिवारका सम्पूर्ण सदस्यहरुले नियमित रुपमा चर्पीको प्रयोग गर्ने गरेको ? | | | |
| | खुला ठाउँमा दिसा नभेटिएको ? | | | |
| | संघ संस्था र सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री भएको ? (संस्थागतका लागि मात्र) | | | |
| व्यक्तिगत सरसफाइ | घरमा उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने स्थान बनाएको ? | | | |
| | विद्यालय संघसंस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले प्रयोग कर्ता मैत्री हात धुने सुविधा (स्थान र साबुन पानी) भएको ? (संस्थागतका लागि मात्र) | | | |
| | महिनावारीको समयमा स्यानिटरी प्याड वा कपडा नियमित प्रयोग गर्ने गरेको ? | | | |
| | विद्यालय संघसंस्थाहरुमा महिनावारी स्वच्छताका लागी इन्सिनेटर तथा ढक्कन सहितको बाल्टिनको व्यवस्थ भएको ? | | | |
| | व्यक्तिगत सरसफाइमा ध्यान दिएको ? | | | |
| सुरक्षित पानीमा पहुँच र प्रयोग | आधारभूत स्तरमा खानेपानीमा पहुँच भएको ? | | | |
| | खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको ? | | | |
| सुरक्षित खानाको प्रयोग | घरको भान्सा, होटल,क्यान्टिन तथा रेस्टुरा सफा रहेको ? | | | |
| | बासी तथा सडेगलेको खाना नखाने/ नबेच्ने गरेको ? | | | |
| | खमना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको ? | | | |
| | फलफूल तथा खानेकुरा राम्रोसँग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको ? | | | |
| घर तथा संस्थागत सरसफाइ क्षेत्र | घर आगँन सरसफाइ राख्ने गरेको ? | | | |
| | घर आँगन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको ? | | | |
| | अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, | | | |

| | | | | |
|---|---|---|---|---|
| | निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको ? (संस्थागतका लागि मात्र) | | | |
| | उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको ? | | | |
| | भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्हो प्रयोग भएको ? | | | |
| | जुठ्यान, चांग र भान्साकोठामा रयाकको सुविधा भएको ? | | | |
| | गाउँ, टोल,बस्ती सडक,गोरेटो बाटो, चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइका लागि सरसफाइ समिति गठन भएको ? (संस्थागतका लागि मात्र) | | | |
| | घरायसी एवं ट्रंस्थागत तहमा ठोस तथा तरल फोहोर (मानव मलमुत्र बाहेक) व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रविधिको भैको ? (संस्थागतका लागि मात्र) | | | |
| | मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टिक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको ? | | | |
| | गाउँपालिकाको बजार क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन भएको ? | | | |
| | गाउँपालिकाको बजार क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरि निर्माणका योजना तर्जुमा भएको ? | | | |
| | व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली ) को योजना तर्जुमा भएको ? | | | |
| | संस्थागत स्थलमा सरसफाइ सम्पर्क व्यक्ति तोकिएको ? | | | |
| | पाल्तु जनावर जस्तो गाइ,भैसी, कुकुर, हाँस,सुँगुर, बंगुर, कुखुरा आदिको दिसा खुल्ला रुपमा गरे/ नगरेको ? | | | |
| | बाल मैत्री, अपाङ्ग मैत्री, धारा, चाँवी, चुकुल, ह्विल चियर अटाउने बाटो र स्थान, टेक्ने ठाउँ , अडेस लगाउने साधनको सुविभा प्रयासता छ/ छैन ? | | | |
| | सासाहीक/ पाक्षिक/मासिक टोल समुदायको सरसफाई अभियान संचालन गरे/नगरेको ? | | | |
| | घर घरमा कौसीखेती/ एक घर एक करेसाबारी प्रयोगमा ल्याए/ नल्याएको ? | | | |

## खण्ड (ख)

**वातावरणमैत्री सार्वजनिक कार्यालयका आधारभुत सूचकहरुको अवस्था :**

वातावरणमैत्री सार्वजनिक कार्यालयका घोषणा हुन देहायका सूचकहरु पूरा गरेको हुनुपर्दछ :

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| १.सरसफाइ | लैङ्गिकमैत्री शौचालयको व्यवस्था भएको | | | |
| | शौचालयमा हात धुने साबुन र पानीको व्यवस्था भएको | | | |
| | शौचालयभित्रका सामानहरु; दुरुस्त रहेको र दैनिक रुपमा सरसफाइ हुने गरेको | | | |
| | कार्यालयका हरेक कोठा, बरण्डा र परिसर दैनिक रुपमा सरसफाइ हुने गरेको | | | |
| | कार्यालयका भित्ता, सिलिङ्ग तथा पर्खालमा माकुराको जालो,धुलो , लेउ, अनावश्यक बिरुवा, झारपात, फोहोरको धब्बा नरहेको | | | |
| | कार्यलय परिसरमा खुलनरुपमा थोत्रा तथा अनावश्यक सामानहरु राख्ने नगरेको | | | |
| | कार्यालयका भवन, भित्ता, पर्खालमा जथाभावी पोस्टर, अनाव्यक भित्ते लेखन आदि नरहेको | | | |
| | कार्यालयका भित्ताहरुमा पान,सुर्ती, गुट्खा थुक्ने नगरेको | | | |
| कार्यालय भवनको मर्मत सम्भार | कार्यालय भवनको नियमित रुपमा मर्मत सम्भार गर्ने गरेको | | | |
| | कार्यालय भवन तथा पर्खालहरुको नियमित रङ्गरोगन गर्ने गरेको | | | |
| कार्यालयको सौन्दर्य तथा हरियाली | कार्यालय कम्पाउण्डभित्र रहेको खाली स्थानमा फूल, पलपूलका बिरुवा, दुबो सहितको सुन्दर बगैंचा रहेको | | | |
| | बगैंचाको नियमित हेरचाह र रेखदेख हुने गरेको | | | |
| | कार्यालयको स्वामित्व भएको जग्गा वा सार्वजनिक जग्गामा कम्तिमा एकपटक वृक्षरोपण गर्ने गरेको | | | |
| | कार्यालय परिसरमा कम्तिमा १० वटा बहुबर्षे बोट बिरुवा हुर्काएको | | | |
| | वर्षेपानी जमिनमा रिचार्ज गर्ने व्यवस्था भएको | | | |
| फोहरमैला व्यवस्थापन | कार्यालयको फोहर सड्ने र नसड्ने गरी वर्गिकरण गर्ने गरेको | | | |
| | सड्ने फोहोरलाई कार्यलय परिसरभित्रै मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरेको | | | |
| | प्लाष्टिकजन्य फोहरलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थानमा जम्मा गर्ने गरेको | | | |
| | ब्याट्रि, सि.एफ.एल. (CFL) चिम फुटेका सिसा, बोत्तल, ट्युबलाइट जस्ता हानीकारक फोहोरमैला छुट्याई निर्धारित स्थानमा जम्मा | | | |

| | | | | |
|---|---|---|---|---|
| | गर्ने गरेको | | | |
| | कार्यालयमा रहेका सोफा, कार्पेट,पर्दा जस्ता सामानहरु नियमित रुपमा सफा गर्ने गरेको | | | |
| | कार्यालयसँग जोडिएको सडकपेटी नियमित रुपमा सफा गर्ने गरेको | | | |
| | कार्यालय परिसर भित्र र बाहिर फोहर, धुलो, कागजका टुक्रा तथा अन्य फोहोरजन्य वस्तु नरहेको | | | |
| | कार्यालयमा ४० माइक्रोन भन्दा कम गुणस्तरका प्लाष्टिकको झोला प्रयोगमा रोक लगाएको । | | | |
| उर्जाको प्रयोग | कार्यलयमा उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको | | | |
| | प्रयोग नभएको समयमा सबै प्रकारको विद्युतिय उपकरण बन्द गर्ने गरेको । | | | |
| सवारी साधनको प्रयोग | सवारी साधनको नियमित रुपमा प्रदूषण नियन्त्रण जाँच गराई Green Sticker टाँस्ने गरेको | | | |
| | पुराना सवारी साधनको नियमित रुपमा लिलाम बिक्री गर्ने गरेको | | | |
| सेवाग्राहीको लागि प्रतिक्षालयको व्यवस्था | कार्यालय परिसरमा सेवाग्राहीका लागि घामपानीबाट जोगिन प्रतिक्षालयको व्यवस्था रहेको | | | |
| | प्रतिक्षालयमा नियमित रुपमा सरसफाइ हुने गरेको | | | |
| सेवाग्राहीका लागि शौचालय | कार्यालयमा Toilet र Urinal सहितको महिला तथा पुरुषका लागि सार्वजनिक शौचालय रहेको | | | |
| | शौचालयमा साबुन र पानीको व्यवस्था रहेको | | | |
| | शौचालयको नियमित रुपमा सरसफाइ हुने गरेको | | | |
| कार्यालय भवनको सुरक्षा तथा भुकम्प प्रविधिको प्रयोग | कार्यालयले आफ्ना सबै भवनहरुको नक्सा सम्बन्धित निकायबाट पारित गरेको | | | |
| | कार्यालयभित्र तथा बाहिर जाँदा यात्रुका झोला चेकजाँच गरेर मात्र भित्र बाहिर जाने गरेको | | | |
| | कार्यालयमा सुरक्षाका लागि कम्पाउण्ड वाल लगाइएको | | | |
| | कार्यालयका सबै भवनहरुमा भवन संहिताको पालना गरिएको | | | |
| | कार्यालयका पुराना भवनहरुलाई आवश्यकता अनुसार प्रवलीकरण गरेको | | | |
| चमेनागृहको व्यवस्था | चमेनागृह सफा सुग्घर रहेको | | | |
| | चमेनागृहले सामानहरुको मूल्यसूची टाँस्ने गरेको | | | |
| | चमेनागृहमा स्वच्छ पिउने पानीको व्यवस्था भएको | | | |
| | चमेनागृह अगाडि फूलबिरुवा रहेको | | | |
| | कार्यालयले खाजा खाने निश्चित समय निर्धारण गरेको | | | |
| | कर्मचारीहरु कार्यकक्षमा बसेर खाजा खाने नगेको | | | |

## खण्ड (ग)

## वातावरण मैत्री वडाका लागि आधारभुत सूचकहरुको अवस्था

गाउँपालिकामा वडा तह वातावरणमैत्री हुनका लागि वडाभित्रका सबै टोल/ बस्तीहरु वातावरणमैत्री भएको हुनु पर्नेछ । यसका अलावा गाउँपालिकाको वडा तहका लागि आधारभूत सूचकहरु देहाय बमोजिम तय गरिएको छ :

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| खानेपानीका मुहान तथा स्रोतको संरक्षण | वडामा भएका सबै खानेपानीका श्रोतहरुको लगत राखी संरक्षण गरिएको र सबै पानीका श्रोतहरुको गुणस्तर परिक्षण गरिएको | | | |
| | पानी सुरक्षा सम्बन्धि तालिमहरु संचालन गरेको र वडा बासीलाई भूमिगत जलस्रोतको पुनर्भरण एवं बहुउपयोगिताको निम्ति आकाशे पानी संकलन र प्रयोगलाई प्रोत्साहन गर्न नीति तथा कार्यक्रम तर्जुमा गरेको | | | |
| फोहरमैलाको व्यवस्थापन | घर घरबाट संकलित फोहर नगरपालिका बाट तोकिएको स्थानमा विसर्जन गर्ने गरेको | | | |
| | वडा परिसरमा प्लाष्टिक झोलाको प्रयोगलाई कम गर्न बैकल्पिक उपायहरुको विकास र त्यसको प्रयोग गरिएको | | | |
| ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | टोल तथा वडाभित्रका सबै ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि समिति गठन गरी संरक्षण कार्यक्रम संचालन गरिएको | | | |
| विपद् व्यवस्थापन सम्बन्धी आधारभूत क्षमता, विस्तृत अध्ययन तथा आपतकालिन सुरक्षित क्षेत्र | जलवायु परिवर्तन सम्बन्धी आधारभूत ज्ञान सिप तथा क्षमताको विकासका लागि समुदाष तहमा अनसुशिक्षण कार्यक्रम संचालन भएको | | | |
| | वडागत रुपमा विपद् जोखिम संकटापन्नता तथा क्षमता मल्याङ्कन गरी प्रतिवेदन तयार भएको | | | |
| | विपद्को अवस्थामा तत्काल उद्धारका लागि सुरक्षित स्थल (खुला क्षेत्र) निर्धारण गरी सोको संकेत प्रयोग गरिएको | | | |
| | विपद् जोखिम न्यूनिकरणको लागि वडास्तरीय स्वयंसेवकहरुको समुह बनाई परिचालन गरेको | | | |
| वन संरक्षण तथा दिगो व्यवस्थापन | वडाको भूगोल भित्र रहेको बनको विस्तृत लगत राखेको र वडाभित्र क्रियाशिल बन उपभोक्ता समितिसँग सहकार्य गरेको | | | |
| पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | पर्ती/ सरकारी/ सार्वजनिक जग्गाको नक्सा/ विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा वृक्षरोपण गरी संरक्षण गरेको | | | |

## खण्ड (घ)

## वातावरण मैत्री वडाका लागि आधारभुत सूचकहरुको अवस्था

वातावरणमैत्री गाउँपालिका हुनका लागि वडाभित्रका सबै टोल/ बस्तीहरु वातावरणमैत्री भएको हुनु पर्नेछ । यसका अलावा गाउँपालिकाका लागि देहायका आधारभूत सूचकहरु तय गरिएको छ :

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्टयाई |
|---|---|---|---|---|
| खानेपानीको रणनीतिक योजना (Strategic Plan) निर्माण | स्वच्छ खानेपानीको आवश्यकता पूरा गर्ने रणनीतिक कार्ययोजना गाउँ सभाबाट स्वीकृत भएको | | | |
| फोहोरमैला केन्द्रको स्थापना | सड्ने र नसड्ने फोहरको वर्गीकरण गर्ने गरी केन्द्रको आवश्यक व्यवस्था गरेको | | | |
| | सड्ने फोहरबाट प्राङ्गरिक मल बनाउन प्रोत्साहन गर्नका लागि कम्पोष्ट बीनको वितरण भएको | | | |
| | फोहरमैलमको दिगो व्यवस्थापनको लागि व्यवस्थित ल्याण्डफिल साइट वा एकीकृत फोहरमैला व्यवस्थापनको अभ्यास गरेको | | | |
| सार्वजनिक स्थानमा शौचालयको व्यवस्था | बसपार्क, पेट्रोल पम्प, पर्यटकीय क्षेत्र तथा साँस्कृतिक सम्पदा, पार्क तथा उद्यान र मुख्य हाटबजार स्थलमा बालबालिका, लैङ्गिक तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयको व्यवस्था भएको | | | |
| प्लाष्टिक झोला प्रयोग प्रतिबन्ध | नेपाल सरकारले तोकेको गुणस्तरभन्दा कम गुणस्तरको प्लाष्टिक झोला प्रइवगमा बन्देज गरिएको | | | |
| | प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको र उत्पादित झोलाको बजारीकरण गरिएको | | | |
| विपद् व्यवस्थापन समितिको सक्रियता र कोष व्यवस्थापन | गाउँपालिका स्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति गठन गरिएको | | | |
| | स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन सम्बन्धी कानुन पारित गरिएको | | | |
| | स्थानिय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भई गाउँ सभाबाट स्वीकृत गरिएको | | | |
| | योजनाको कार्यान्वयनको लागि जिल्ला विपद् व्यवस्थापन समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, नीजि क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था तथा परिचालन गरेको | | | |
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनमा उचित ज्ञान, सिप र क्षमता सहितको शाखा/ इकाई तथा कर्मचारी व्यवस्था भएको | | | |
| भवन संहिताको पालना | गाउँपालिका क्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकुल स्थानीय भवन संहिता र मापदण्ड तयार भएको | | | |
| | भवन निर्माण गर्दा भवन संहिता र मापदण्ड अनिवार्य गर्ने गरिएको | | | |
| | नक्सा पास सम्बन्धी स्थानीय मापदण्डलाई भवन निर्माण संहितासँग आबद्ध गरिएको | | | |
| हरियाली प्रबर्द्धन तथा पार्कको संचालन | गाउँपालिकाको सडक क्षेत्र, सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरि वृक्षरोपण गरिएको | | | |
| | गाउँपालिकाभित्र भएका बनको क्षेत्रगत लगत राखी विभिन्न सामुदायस्तरीय वा | | | |

| | | | | |
|---|---|---|---|---|
| | गाउँपालिकास्तरीय समिति मार्फत त्यसको उचित संरक्षण गरेको र आवश्यकता अनुसार सम्बन्धित बन कार्यालयसँग समन्वय गरेको | | | |
| | गाउँपालिकाबासीलाई पायक पर्ने स्थानमा जेष्ठ नागरिक विश्राम स्थल, मनोरञ्जन पार्क वा उद्यान निर्माण गरि संचालनमा ल्याइएको | | | |

**द्रष्टव्य :**

निलो :- पूर्वाधार विकासमा आनीबानी परिवर्तनको चरणमा रहेको । (४० देखी ५९ प्रतिशत प्रगति हासिल गरेको हुनुपर्ने)

पहेँलो :- न्यूनतम पूर्वाधार तयारीको अवस्थामा रहेको । (६० देखी ७९ प्रतिशत प्रगति हासिल गरेको हुनुपर्ने)

हरियो :- पूर्ण आनीबानी परिवर्तनको सुनिश्चितताको अवस्थामा रहेको । (८० देखी १०० प्रतिशत प्रगति हासिल गरेको हुनुपर्ने)

- नतिजा महलमा जुन वर्गमा पर्दछ त्यहिँ निम्न निर्दिष्ट चिन्हद्धारा मार्किङ गरेको हुनु पर्नेछ ।

निम्न:- नतिजा महलमा सुचकहरु पुरा गरेकोलाई (✓) र पुरा नगरेको लाई (×) चिन्हले जनाउनु पर्नेछ ।

## अनुसूची-२

### वातावरणमैत्री/ पूर्णसरसफाइ उन्मुख पालिका घोषणा कार्यको अबलम्वन तथा प्रतिबद्धता :

- पूर्णसरसफाइ उन्मुख/ वातावरण मैत्री वडा/ पालिका घोषणा कार्यक्रम कार्यन्वयनमा ल्याउने निर्णय गरियो ।
- अनुसूची १ मा उल्लेखित सबै खण्डका सूचकहरु उपयुक्त हुने देखिएकोले उक्त सूचकको स्वीकृती गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।
- पूर्णसरसफाइ उन्मुख/ वातावरण मैत्री वडा/ पालिका घोषणा कार्यक्रमको घोषणा कार्यक्रमको सम्पर्क खानेपानी तथा सरसफाइ शाखा र सम्पर्क व्यक्ति सोही शाखाको प्रमुखलाई तोक्ने निर्णय गरियो ।
- नतिजामुखी कार्ययोजनालाई स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।यसका लागि गाउँसभाबाट पारित बजेट कार्यान्वयनमा ल्याउने र नपुग हुने भएका उपयुक्त बजेट सम्बन्धित शिर्षकबाट शिर्षकान्तर गरी व्यवस्था गर्ने निर्णय गरियो ।
- गाउँ सभाको नीतिगत तथा कार्यक्रमबाट व्यवस्था अनुरुप यस गाउँपालिकाका ९ वटै वडा तथा गाउँपालिकालाई पूर्णसरसफाइ उन्मुख/ वातावरण मैत्री वडा/ पालिका घोषणा गर्ने निर्णय गरियो ।
- गाउँपालिका, वडा तथा सामुदायिक स्तरका गठित विभिन्न तोकिए बमोजिमका समितिहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।
- नेपाल सरकार, प्रदेश सरकारबाट जारी गरेका निर्देशन तथा मार्गदर्शनका मर्म र भावना अनुरुप तयार गरिएको पूर्णसरसफाइ उन्मुख वातावरणमैत्री पालिका कार्यान्वयन निर्देशिका २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**उपयुक्त बमोजिमका प्रावधानहरुको अवलम्बन गर्न प्रतिवद्धता व्यक्त गर्नेको हस्ताक्षर :**

| क्र.सं. | नामथर | पद | निकाय | कार्यालय | दस्तखत | मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

Sannitriveni

## अनुसूची-३

**सान्नी त्रिवेणी गाउँपालिकाबाट पूर्ण सरसफाइ उन्मुख/ वातावरणमैत्री पालिका/ वडा घोषणा गर्ने निर्णयको व्यहोरा :**

निर्णय नं. १ सान्नी त्रिवेणी गाउँपालिकाले जारी गरेको पूर्ण सरसफाइ उन्मुख/ वातावरणमैत्री पालिका कार्यान्वयन निर्देशिका २०८२ कार्यान्वयन गरी सो निर्देशिकाको अनुसूची १ बमोजिम सम्पूर्ण सूचकहरु पुरा भई तोकिएको नतिजा र प्रगति हासिल गरिएको र नेपनल सरकारको राष्ट्रिय लक्ष्य र सो को मार्गदर्शन समेत प्राप्त भई सकेको हुँदा यस सान्नी त्रिवेणी गाउँपालिकालाई मिति २०८ / / मा पूर्ण सरसफाइ उन्मुख/वातावरणमैत्री पालिका/ वडा घोषणा देहाय बमोजिमको उपस्थिति तथा रोहबरमा गर्ने सर्वसम्मत गर्ने निर्णय गरियो ।

**उपस्थिति तथा हस्ताक्षरकर्ताहरुको रोहवर वितरण एवं दस्तखत :**

| क्र.सं. | नामथर | पद | निकाय | कार्यालय | दस्तखत | मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-४

## समुदाय/टोल/वडा/गाउँपालिकास्तरबाट कार्यान्वयन गर्नुपर्ने नतिजामुखी कार्ययोजना

| क्र.सं. | कार्य विवरण | मिति | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| १ | घोषणाका लागि वडा छनौट | | वडा/गाउँपालिका |
| २ | समुदाय/वडास्तरीय अभिमुखीकरण/समितिहरु गठन | | वडा/गाउँपालिका |
| ३ | नतिजामुखी सूचकहरुको स्वीकृती/ नतिजामूखी कार्ययोजना | | वडा/गाउँपालिका |

| | | | |
|---|---|---|---|
| | स्वीकृति | | |
| ४ | विभिन्न सञ्जाल निर्माण/ परिचालन | | वडा/गाउँपालिका |
| ५ | यथार्थ अवस्था संकलन / सहभागिताको सुनिश्चितता र विश्लेषण | | वडा/गाउँपालिका |
| ६ | गाउँ कार्यपालिकाको अवलम्बन गर्ने निर्णय कार्यान्वयनको लागि आवश्यक बजेट बिनियोजन तथा कोष स्थापना र परिचालन गर्ने प्रतिबद्धता | | गाउँ कार्यपालिका |
| ७ | इकाई/सम्पर्क व्यक्ति/ सहजकर्ता तोक्ने व्यवस्थापन गर्ने | | गाउँकार्यपालिकाको कार्यालय |
| ८ | सर्वेक्षण फारम, तथ्याङ्क संकलन, अभिमुखिकरण विश्लेषण पुस्तिका तथा प्रतिवेदन लेखन र प्रकाशन | | वडा/गाउँपालिका/शाखा |
| ९ | गाउँपालिकास्तरीय अभिमुखिकरण संचालन | | कार्यदल |
| १० | कार्यदल गठन तथा परिचालन | | गाउँपालिकाद्धारा |
| ११ | नमूना निकायको अवलोकन भ्रमण अनुभव आदान प्रदान गर्ने गराउने | | गाउँकार्यपालिकाको कार्यालय |
| १२ | आवश्यकता अनुसार सूचकको सरलीकरण गर्ने | | वडा/गाउँपालिका |
| १३ | सूचकको कार्यान्वयन अवस्था मापन कार्यशाला | | वडा/गाउँपालिका |
| १४ | बहुबर्षिय बहुलगानी योजना तयारी वा घोषणा/ पूर्वाधार निर्माणको सरनिश्चितता | | वडा/गाउँपालिका |
| १५ | स्थिती प्रतिवेदन तर्जुमा र सार्वजनिकरण | | अनुगमन समितिहरु |
| १६ | अनुगमन/समिक्षा र मुल्याङ्कन | | वडा/गाउँपालिका |
| १७ | गाउँपालिका/वडा/सामुदायिकस्तरबाट प्रतिवद्धता सहितको निर्णय र दस्तखत | | वडा/गाउँपालिका |
| १८ | नीति तथा बजेट र कार्यक्रमको अध्यावधिकता | | वडा/गाउँपालिका |
| १९ | टोल/वडा घोषणाको कार्ययोजना तैयारी र घोषणा गर्ने | | वडा/टोल समुदाय |
| २० | दिगोपनाका लागि रणनैतिक कार्ययोजना तैयारी | | वडा/गाउँपालिका |
| २१ | गाउँपालिका घोषणा गर्ने कार्यक्रम | | वडा/गाउँपालिका |

**नोट: बजेट उपलब्धतता र विशेष परिस्थिति परेमा उल्लेखित कार्यतालिका हेरफेर हुन सक्नेछ ।**